परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सः २०७७/०७८ मितिः २०७७/१२/२७
च.नः १३२८

**विषयः आ.व. २०७८/०७९ को योजना तर्जुमा गोष्ठी सम्वन्धमा ।**

श्री सरोकारवाला सवै,

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७८/०७९ को योजना तर्जुमा गोष्ठी तपशिलको मिति र स्थानमा संचालन हुने भएकाले सम्वन्धित विषयगत कार्यालय, सम्पुर्ण वडा अध्यक्ष, वडा सचिव, कार्यपालिका सदस्य, गैर सरकारी संघ सस्थाहरु, राजनैतिक दलहरु एवं समाजसेवी, वुद्धिजिवी तथा सरोकारवाला सम्पुर्ण निकायहरुको सहभागिता एवं सहयोगका लागि अनुरोध गरिन्छ।

२०७७/१२/२६
तारानाथ पनेरु
प्रमूख प्रशासकीय अधिकृत

**तपसिलः**

| सि.नं. | योजनाका चरणहरु | चरणहरुको व्यख्या | समय सिमा | स्थान | जिम्मेवार कर्मचारी/पदाधिकारी |
|---|---|---|---|---|---|
| १ | १ (पहिलो) | राजश्व परामर्श समितिको वैठक | ०७७/१२/२८ | नगरपालिका सभाहल | संयोजक |
| २ | २ (दोश्रो) | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक | ०७८/१/१० | नगरपालिका सभाहल | नगर प्रमुख र कार्यालय प्रमुख |
| ३ | ३ (तेश्रो) | वस्ती तहका योजना छनौट | ०७८/२/०५ | नगरपालिका सभाहल | वडा कार्यालय |
| ४ | ४ (चौथो) | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | ०७८/२/१४ | नगरपालिका सभाहल | वडा अध्यक्ष |
| ५ | ५ (पाचौं) | बजेट तथा कार्यक्रम तर्जुमा (विषयगत समितिहरुका बैठक) | ०७८/३/०२ | नगरपालिका सभाहल | नगर प्रमुख र कार्यालय प्रमुख |
| ६ | आर्थिक विकास समिति | कृषि,सहकारी,उद्योग वाणिज्य,वित्तीय क्षेत्र,पर्यटन, रोजगारी | ०७८/२/२५ | नगरपालिका सभाहल | संयोजक |
| ७ | सामाजिक विकास समिति | शिक्षा,स्वास्थ्य,सस्कृती प्रर्वधन, लै.स.सा.स.,खा.पा., सरसफाई,जनसंख्या व्यवस्थापन | ०७८/२/२७ | नगरपालिका सभाहल | संयोजक |
| ८ | पुर्वाधार विकास समिति | सडक तथा पुल,संचार,सिचाई,उर्जा,लघु तथा साना जलविद्युत,वैकल्पिक उर्जा, भवन तथा सहकारी विकास | ०७८/२/२९ | नगरपालिका सभाहल | संयोजक |
| ९ | वातावरण तथा विपद व्यवस्थापन समिति | वन तथा भूसंरक्षण,फहरमैला व्यवस्थापन,जलाधार संरक्षण,जलउत्पन्न प्रकोप नियन्त्रण,वतावरण संरक्षण,विपद व्यवस्थापन,जलवायु परिवर्तन,वारुणयन्त्र संचालन | ०७८/२/३१ | नगरपालिका सभाहल | संयोजक |
| १० | संस्थागत विकास तथा सेवा प्रवाह विकास समिति | मानव संसाधन विकास ,समान्य सेवा व्यवस्थापन, तथ्यांक संकलन अभिलेखिकरण, सूचना प्रविधि,सस्थागत क्षमता विकास, सार्वजनिक सुनवाई,राजश्व परिचालन, सामाजिक परिक्षण, पंजीकरण, सूसासन प्रर्वधन, सुरक्षा व्यवस्थापन वेरुजु, अनुसंधान तथा विकास | ०७८/३/०१ | नगरपालिका सभाहल | संयोजक |
| ११ | ६ (छैठौं) | कार्यपालिका बाट वजेट तथा कार्यक्रम स्वीकृती | ०७८/३/०५ | नगरपालिका सभाहल | नगर प्रमुख र कार्यालय प्रमुख |
| १२ | ७ (सातौं) | नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृती | ०७८/३/१० | नगरपालिका सभाहल | नगर प्रमुख र कार्यालय प्रमुख |

फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४
ईमेलःparshurammun@gmail.com, वेबसाइटः http://www.parshurammun.gov.np

## आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु (पूर्णांक १००)

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने – २० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने – १० अंक

(ग) तटस्थ –५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने – १५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने – १० अंक

(ग) अन्य – ५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने –१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने –७.५ अंक

(ग) तटस्थ –०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०% वा सो भन्दा बढी लागत सहभागिता हुने – १५ अंक

(ख) २०% देखि ५०% सम्म लागत सहभागिता हुने – १० अंक

(ग) २०% सम्म लागत सहभागिता हुने – ५ अंक

(घ) लागत सहभागिता नहुने – ०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने – १० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने – ७.५ अंक

(ग) अन्य – ५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने – १० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने – ५ अंक

(ग) तटस्थ – ०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने –१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने – ५ अंक

(ग) तटस्थ – ०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने –५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने – ३ अंक

(ग) तटस्थ – ०

९. चालू आ.व.मा वजेट विनियोजन भएका र विभन्न कारणले सम्पन्न हून नसकेका योजनाहरु (पहिलो प्राथमिकता)

१०. दूर्गम, पिछडीएका तथा पूर्वाधार विकास कम पूगेका क्षेत्रहरु (प्राथमिकता)

२०७८/१२/२६

प्रमुख प्रशासकीय अधिकृत

# वजेट शिलिङ्ग तथा मार्गदर्शन सम्वन्धमा

**वडा कार्यालयहरुले प्राप्त अख्तीयारी अनूसारको अनूदान रकमको उच्चतम प्रतिफल प्राप्त हूने गरि देहायका आधारमा उपयोग गर्नू पर्नेछ ।**

१. वजेट शिलिङ्ग आन्तरिक श्रोत, राजश्व वाडफाड र वित्तीय समानीकरण अनूदान रकमबाट वजेट शिलिङ्ग तयार गरि पठाईएको छ । सशर्त अनूदान, सम्पूरक अनूदान एवं विशेस अनूदान यसमा समावेस गरिएको छैन ।

२. वजेट शिलिङ्ग अनूसार विषयगत रुपमा योजना छनौटगरि वजेट शिर्षक अनूसार योजना तथा कार्यक्रम छनौट गर्नू पर्ने ।

३. चालू आ.व.मा छनौट भएका तर विविध कारणले कार्यान्वयन हून नसकेका नगरि नहूने योजनाहरुलाई प्राथमिकता दिनू पर्ने ।

४. द्विगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पूर्‍याउने योजनाहरुलाई प्राथमिकता दिनू पर्ने ।

५. गरिवी न्युनीकरण, रोजगारी श्रृजना र आय आर्जनमा योगदान पूर्‍याउने योजनाहरुलाई प्राथमिकता दिनू पर्ने ।

६. COVID-19 कोरना भाईरसबाट परेको प्रभाव एवं माहामारीबाट उत्पन्न हून सक्ने जोखिम ( स्वास्थ्य, कृषि, शिक्षा र विपदव्यवस्थापन जस्ता क्षेत्र) न्यूनीकरणमा टेवा पूगाउने योजनाहरुलाई प्राथमिकता दिनूपर्ने ।

७. आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पूर्‍याउने योजनाहरुलाई प्राथमिकता दिनू पर्ने ।

९. साविकका विषयगत मन्त्रालय, विभाग एवं जिल्ला स्तरहरुवाट हस्तान्त्रण भई आएका आयोजना तथा कार्यक्रमहरु जस्तै: आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धि, आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि, कृषि तथा पशूपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन सम्वन्धि, पशू र सहकारी सम्वन्धि, कृषि प्रशारको व्यवस्थापन संचालन र नियमन सम्वन्धी कार्यहरु, खानेपानी एवं ग्रामीण सडक आदि जस्ता कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरि बाकीहून अउने रकम अन्य कार्यक्रमहरुमा छुट्याउनू पर्ने छ ।

१०. खर्चको अवस्यकता र राजश्वको क्षमता बीचको वित्तीय अन्तर **(Fiscal Gap)** परिपूर्ती गर्नमा रकम प्रयोग गर्नूपर्नेछ ।

११. वडातह भित्र न्यायोचित, सन्तूलित र पारदर्शी रुपमा खर्च गर्नू पर्नेछ ।

१२. चालू आ.व.मा वजेट विनियोजन भएका र विभन्न कारणले सम्पन्न हून नसकेका योजनाहरु ।

2066/12/26

प्रमुख प्रशासकीय अधिकृत

# आ.व. ०७८/०७९ का योजना छनौट एवं प्राथमिकीकरणका आधारहरु

- गरिबि न्युनीकरण, रोजगारी श्रृजना र आय अर्जन वृद्धिमा प्रत्यक्ष योगदान पूर्‍याउने योजना ।
- क्रमागत, उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना ।
- आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पूर्‍याउने योजना ।
- स्थानीय श्रोत साधन ,श्रम, सीप र प्रविधिमा आधारित योजना ।
- जनसहभागिता वढी जूट्ने योजनाहरु ।
- लैंगिक समानता, समाजिक समावेसीकरणको अभिवृद्धि हूने योजनाहरु ।
- द्विगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पूर्‍याउने योजना ।
- सेवा प्रवाह, सस्थागत विकास र सूशासनमा योगदान पूर्‍याउने योजना ।
- स्थानीय सस्कृती र पहिचान प्रवर्घन हूने योजनाहरु ।
- चालू आ.व.मा वजेट विनियोजन भएका र विभन्न कारणले सम्पन्न हून नसकेका योजनाहरु ।
- दूर्गम, पिछडीएका तथा पूर्वाधार विकास कम पूगेका क्षेत्रहरु ।

प्रमुख प्रशासकीय अधिकृत